## प्रेस बिज्ञप्ती

Clinical Trial लाई औषधि/खोप/उपकरण आदिको प्रभावकारीताको अध्ययन, अनुसन्धान गर्ने कार्यलाई बुझिन्छ । त्यस्तै, Clinical Trial Registry भनेको Clinical Trial को अध्ययन, अनुसन्धान दर्ता गर्ने साझा तथा अधिकारिक Platform हो । जसमा अनुसन्धानकर्ताहरुले Trial सम्बन्धी खोज तथा अनुसन्धान दर्ता गर्ने गर्छन् । नेपालमा Clinical Trial सम्बन्धी अनुसन्धानहरु दिनानुदिन बढिरहेका छन् । सन् २०१९ मा मात्रै स्वास्थ्य अनुसन्धान परिषदको आचार संहिता वोर्ड बाट २१ वटा Clinical Trial सम्बन्धीका अनुसन्धान प्रस्तावहरुले स्वीकृती प्राप्त गरेका छन् । यस्तो खालको Trial नेपालमा हुने तर दर्ता चाँही अन्यत्र गर्ने गरेको र त्यस्ता Trial का Data हरु उनीहरुमै सिमित हुने भएकोले त्यसबाट नेपाल र नेपालीले यथेष्ट लाभ लिन नसकेको र हाल सम्म नेपालमा नभएकोले नेपालमा Clinical Trial Registry को स्थापना गरिएको हो ।

सन् २००४ नोभेम्बरमा Mexico को Mexico City मा भएको Ministerial Summit on Health Research कार्यशाला गोष्ठिमा एकल प्रणालिबाट विश्वव्यापी Clinical Trial Registry को अन्तर्राष्ट्रिय सञ्जाल बनाउन पर्ने माग भए बमोजिम ५८ औं विश्व स्वास्थ्य महासभामा एकल प्रणालिबाट चल्ने Clinical Trial Registry बनाउने निर्णय गरिएको थियो । उक्त अवधारण बमोजिम हाल WHO/ ICTRP Network मा १८ वटा देशका Primary Registry हरु आवद्ध भएका छन् ।

कुनै पनि Registry मा दर्ता नभएका Trial सम्बन्धी अध्ययन अनुसन्धानवाट प्राप्त लेखहरु International Committee of Medical Journal Editors (ICMJE) समुहमा आवद्ध Research Journal तथा Pubmed Index Research Journal मा प्रकाशन नुहने हुँदा अनुसन्धानकर्ताहरुले अनिवार्य रुपमा आफ्नो Trial सम्बन्धी अध्ययन अनुसन्धानलाई Trial Registry मा दर्ता गर्न आवश्यक भएकोले नेपालमा Clinical Trial Registry Platform स्थापित गरिएको छ । नेपाली वैज्ञानिकहरुले WHO/ICTRP मा अनुबन्धित Trial Registries हरु (clinicaltrials.gov, CTRI, आदि) मा आफ्नो Trial दर्ता गर्ने गरेका छन् । नेपालमा हुने सवै Trial हरुको यकिन तथ्याङ्क राख्न, उपयूक्त वैज्ञानिक अनुगमन गर्न तथा नेपालमा हुने गरेका Trial सम्बन्धी अनुसन्धान नेपालमै उपयोग होस् भन्ने हेतुले Nepal Clinical Trial Registry (NPCTR) को स्थापना गरिएको छ । NPCTR स्थापना गर्नको लागि नेपाल स्वास्थ्य अनुसन्धान परिषदले WHO को प्राविधिक सहयोगमा, परिषदमा कार्यरत २ जना अनुसन्धान अधिकृतलाई Clinical Trial Registry of India (CTRI) मो प्रशिक्षण गराई, Software निर्माण गरी WHO को निरन्तर सहयोग, परिषदका पदाधिकारी र कर्मचारीको अथक मेहनतवाट यो सम्भव भएको हो । NPCTR को स्थापनाले नेपाली बैज्ञानिकहरुमा Trial गर्न कुनै बाधा व्यवधान र अड्चनहरुमा कमि भई अनुसन्धान संस्कृतीको विकास बढ्नेछ भन्ने विश्वास लिइएको छ ।

NPCTR Platform मा बिश्वका जुनसुकै देशका बैज्ञानिकहरुले Trial Register गर्न पाउनेछन् । नेपालमा हुने Trial हरु अनिवार्य रुपमा NPCTR Platform मा दर्ता गर्नुपर्ने छ । यो Platform मा Trial Register गर्दा कुनै पनि शुल्क लाग्ने छैन । WHO/ICTRP ले व्यवस्था गरेको सम्पुर्ण प्रकृयाहरु हरु पुरा गर्नुपर्नेछ । यो Platform मा जोसुकै अनुसन्धानकर्ताले जुनसुकै ठाउँबाट पनि Register भईसकेका Trial वारे जानकारी लिन सक्नेछन् । निकट भविष्यमै NPCTR ले WHO संग समन्वय र सहकार्य गरी WHO/ICTRP Network मा आफ्नो सदस्यता बनाउने छ । अब उप्रान्त नेपालमा हुने Trial हरु दर्ता गर्नको लागि कुनै पनि अन्तराष्ट्रिय मुलुकका Registry मा गई रहनु पर्ने छैन ।

**~ धन्यवाद ~**